लेखापरीक्षण प्रतिवेदन

ककनी गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

ककनी गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/162

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
नुवाकोट।

कैफियतसहितको राय
हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

१. कैफियत सहितको राय व्यक्त गर्ने आधार
गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ११ करोड ८१ लाख ५ हजार, स्वास्थ्य क्षेत्र पूर्वाधार कार्यक्रमको रू.२ करोड ४ लाख ९९ हजार, पर्यटन पूर्वाधारको २७ लाख ९७ हजार तथा स्वास्थ क्षेत्र सुधारको रू ३३ लाख ४५ हजार गरी रु १४ करोड ४७ लाख ४७ हजार सुत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु १ अर्व ४४ करोड ५० लाखको लेखापरीक्षण गरिएकोमा रू ८० लाख ७५ हजार प्रारम्भिक बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ४ लाख ८३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३५ लाख ९ हजार र नियमित गर्नुपर्ने रु ३२ लाख २१ हजार रहेको छ ।गत वर्षसम्म रु.१६ करोड २५ लाख ०५ हजार बेरुजू बाँकी रहेकोमा यस बर्ष रु ३ करोड १९ लाख ८४ हजार सम्परीक्षण भएकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ८१ लाख १२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणकोबेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,

लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ककनी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, स्विकृत कार्यक्रममा लक्ष्य अनुसार प्रगति नगरेको कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी ककनी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४०	७२	८०,७४,७३५	०	१०	४,८३,०६८	०	४०	६२	७५,९१,६६७	८,६१,५०४	३२,२०,८७८	३५,०९,२८५	०	०	६७,३०,१६३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	१,६२,५०५	०	३१९८४	१३०५२१	०	७५९१	१३८११२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१६.१०	राजस्व व्यवस्थापन	३०,१८७
२	२०८०/८१	१७.३	चालु तथा कार्यक्रम खर्च	६५,०००
३	२०८०/८१	१९	शिक्षा तर्फ (स्थानीय तह)	३,४८,८४९
४	२०८०/८१	२२.११	उपभोक्ता समितिको काम	१४,०९४
५	२०८०/८१	२३.५	ठेक्का ब्यवस्थापन परीक्षण	२४,९३८
६	२०७९/८०	6	पेश्कि	१,४५,०००
७	२०७९/८०	२७	गत वर्षको भुक्तानी	१,४१,२२७

८	२०७९/८०	२५	कर्मचारी व्यवस्था	१,७४,७५६
९	२०७९/८०	50	ढुंगा गिटी वालुवाको ठेक्का आम्दानी सम्वन्धमा	२,६४,३६८
१०	२०७९/८०	५१	कोशेली घर सञ्चालन कार्यविधि विपरितको भुक्तानी	५,००,०००
११	२०७९/८०	५४	भेरिएसन	२९,४१,३९९
१२	२०७९/८०	61	फरक शिर्षकको खर्च	५,५८,२००
१३	२०७९/८०	६८	सञ्चालन नगरेको कार्यक्रमको भुक्तानी भएको	९५,८९०
१४	२०७९/८०	६९	उपभोक्ता समिति मार्फत शत प्रतिशत काम मेसिनवाट कार्य गराएको	४५,०४,२३९
१५	२०७९/८०	86	सट्टा करार शिक्षक	९६,०००
१६	२०७९/८०	76	विद्यार्थी संख्या भन्दा बढी बाल विकास सहजकर्ता	१,५३,०००
१७	२०७९/८०	79	करार कर्मचारी	१,२९,९२२
१८	२०७९/८०	८०	यातायात खर्च	९,८८,०००
१९	२०७९/८०	८१	सम्झौता बेगर तलब भुक्तानी	२,६३,२१३
२०	२०७८/७९	३०.1	परामर्श खर्चः	९,५८,०००
२१	२०७८/७९	31	नियमित गर्नुपर्नेः	४,२१,०८५
२२	२०७८/७९	44	उपभोक्ता समूहवाट खरिद	२,५०,०००
२३	२०७८/७९	54	प्रोभिजनल सममा मू अ करः	५७,६५५
२४	२०७८/७९	55	अन्यः	३,००,०००
२५	२०७८/७९	63	शीर्षक फरक पारी खर्चः	७,५८,६७०
२६	२०७७/७८	29	सव कन्ट्राक्टर बाट कार्य गराएको	९,७०,०००
२७	२०७७/७८	36	मर्मत आदेश बेगर मर्मत खर्च भुक्तानी	६०,०५९
२८	२०७७/७८	47	पुस्तक वितरणको भरपाई	२,०२,२६०
२९	२०७७/७८	49	मिनि टिलर खरिद	१०,०५,३०५
३०	२०७६/७७	३७	काठमाडौं महानगरपालिकाको अनुदान अन्य वडामा	७८५०४२७
३१	२०७६/७७	५०	उपभोक्ता समिति	३३६४३१८
३२	२०७४।७५	५९	भेरिएशन	४८३०९९६

(८०३२९५०१३०० - ककनी गाउँपालिका, नुवाकोट)

परिचय

१ **परिचय**

(क) पालिकाको परिचय -स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य ८७.९७वर्ग किलोमिटर क्षेत्रफल तथा २७,०७३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। ६ देखि २०८०। ५। १० सम्म रहेको थियो ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाले यो वर्ष आय व्ययतर्फ गरी जम्मा रु. १४४५०९७५५७।१७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण परीक्षण

२.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

आय - व्यय विवरण

ककनी गाउँपालिका, नुवाकोट

आर्थिक बर्ष २०८०।८१

सि.नं	आयतर्फ			सि नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		४१७७८३२९	१	गाँउपालिका खर्च		५१२४०८८४७८।००
	क) संचित कोष				क)चालु खर्च	३७८१११८५२।६९	
	ख) अन्य कोष				ख)पूँजीगत खर्च	१३४२८८९८०।८४	
२	**राजस्व (आन्तरिक आय)**		१२४५५२०१२।३८	२	कोष तर्फको खर्च		६१५०८१६३।४५
	क) आन्तरिक राजस्व	९३३२७८७।९८			क) धरौटी फिर्ता	१९८७२४९१।६५	
	ख) राजस्व बाँडफाँड	११५२१९२२४।४			ख)विविध कोष खर्च खाता	४३२८७७८।१५	
	ग) अन्य आय			३	अन्तर सरकारी निकासा		१४४७४७३३४।९७
३	**वित्तीय हस्तान्तरण संघ**		३२४५०८३३७।६८		क) सामाजिक सुरक्षा	११८१०५५५०।००	
	क) वित्तिय समानीकरण अनुदान	९०२१००००।००			ख) स्वास्थ्य पुर्वाधार	२०४९९१८४।९७	
	ख) सशर्त अनुदान	२२४९९३३३९।९८			ग) पर्यटन पुर्वाधार	२७९७६००।००	
	ग) समपूरक अनुदान	४३४४३६९।८१			घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३४५०००।००	
	घ) विशेष अनुदान	४९६०६२९।८९			ङ) महिला शसक्तिकरण कार्यक्रम	००।००	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		५०४५९०१९।७४	४	मौज्दात		४९५४७९३३।२५
	क) वित्तिय समानीकरण अनुदान	९४११०००।००			क संचित कोष खाता	२८८३४३४७।४६	
	ख) सशर्त अनुदान	२०१२८६४१।००			ख) प्रकोप व्यवस्थापन कोष	६५२२०५।९०	
	ग) समपुरक अनुदान	१५६२०८८४।७४			ग धरौटी आय	१४०१०७७८।५६	
	घ) विशेष अनुदान	९२९८४९४।००			कविविध कोष खाता	६०५०६०१।३३	
५	विभिन्न कोषतर्फको आय		८२१६६८७५।९४				

	क विविध कोष खाता	४३३५७४९४।९८					
	ख) प्रकोप व्यवस्थापन कोष	४९२६१११।०५					
	ग धरौटी आय	३३८८३२६९।९१					
६	अन्तर सरकारी निकासा		१४४७४७७३३४।९७				
	सामाजिक सुरक्षा	११८१०५५५०।००					
	स्वास्थ्य पुर्वाधार	२०४९९१८४।९७					
	पर्यटन पुर्वाधार	२७९७६००।००					
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३४५०००।००					
	महिला शसक्तिकरण कार्यक्रम	००।००					
	जम्मा		७६८२११९०९।७		जम्मा		७६८२११९०९।७

२.२ **सुत्रको आर्थिक विवरण**-महालेखा नियन्त्रक कार्यालयले गत आर्थिक बर्ष २०७९।८० मा (म ले प फा न २७२) ले पुर्ण आर्थिक विवरण प्रमाणित नगरेको भनि म ले प फारम मिति २०८०।३।३१ गते महालेखापरीक्षकाबाट संशोधन गरी स्थानिय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिबेदन (म ले प फा न २७०) स्विकृत गराई लागु गरेकोमा यस बर्ष लेखापरीक्षण गर्दा गत बर्षको आर्थिक बिवरण सुत्रमा नदेखिने र साथै यस बर्षको प्राप्ती र भुक्तानीको एकिकृत आर्थिक बिवरण समेत नदेखाई बिभिन्न १४ वटा अनुसूची देखाएकोले कारोवारको यथार्थ चित्रण गरेको देखिएन।यसरी महालेखापरीक्षक बाट स्विकृत गरेको ढाचामा कोषको प्राप्ती र भुक्तानी नदेखाएकोले यथार्थ आय र ब्यय एकिन गर्न सकिने अवस्था देखिएन।अतः महालेखा नियन्त्रक कार्यालयले स्विकृत ढाँचामा आर्थिक विवरण तयार गरी पेश गर्नुपर्दछ ।

२.३ **कट्टी रकम दाखिला नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कार्यबिधि ऐन, २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ।यस कार्यालयले आर्थिक बर्ष २०८०।८१ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाँकी रहेको रू ३९६८६।०० संघिय संचित कोष दाखिला गरेको देखिएन।अत कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

प्रमाण पेश नगरेको	३९,६८६

२.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत

आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ४१७७८३२९।०० यस वर्षको प्राप्ति रु ७२,६४,३३,५८०।९१ यस वर्षको भुक्तानी रु ७१,८६,६३,९७६।४५ र बैङ्क मौज्दात रु ४,९५,४७,९३३।२५ रहेको छ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०)	४१७७८३२९	६२,३४,६४,५७४।७३	५७,३९,१६,६४१।४८	४,९५,४७,९३३।२५
एकीकृत आर्थिक विवरणअनुसार	४१७,७८,३२९	७२,६४,३३,५८०।९१	७१,८६,६३,९७६।४५	४,९५,४७,९३३।२५
फरक	००।००	१४,४७,४७,३३४।९	१४,४७,४७,३३४।९	००।००

२.५ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको सुत्र २७२ को लेखापरीक्षण प्रतिवेदनअनुसार रु ४,१०,२५,३८४।६३ मौज्दात रहेकोमा यो वर्ष रु ४,१७,७८,३२९।०० जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ७५२९४४।६३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.६ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ ।

सि न	**खाता**	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
१	आन्तरिक राजस्व खाता	०.००	०.००	
२	बाँडफाटबाट पाप्त राजस्व खाता	०.००	०.००	
३	आन्तरिक अनुदान खाता	०.००	०.००	
४	चालु खर्च खाता	४८९२००९।७४	१३१६५९०।९३	
५	पुजिगत खर्च खाता	०.००	०.००	
६	बिबिध खर्च खाता	६०५०६०१।३३	६०५०६०१।३३	
७	स्थानिय तह धरौटी खाता	१४०१०७७८।२६	१४०१०७७८।२६	
८	स्थानिय तह संचितकोष खाता	२९१८०५९।४०	३०९०८६१७।२६	
९	स्थानिय तह आकस्मिक कोष खाता	००।००	००।००	
१०	स्थानिय तह प्रकोप व्यवस्थापन खाता	६५२२०५।९०	६५२२०५।००	
	जम्मा	४,९५,४७,९३३।२५	४,९५,४७,९३३।२५	

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । कार्यालयले हिसाव मिलान गरेको म. ले. प. फा. न.२७० सुत्रको अनुसूची भिडान गर्दा रु ३२८५१३५९।९८ सशर्तको मिति २०८१।३।३० मा कोष तथा लेखा नियन्त्रक कार्यालय

नुवाकोटमा दाखिला भएको देखिन्छ। भने रू ४,९५,४७,९३३।२५ मौज्दात बाँकी देखिन्छ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली -**

पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन ।

स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था छ ।समिति गठन भएता पनि समितिले दिएको सुझावको कार्यान्वियन भएको पाईएन ।

पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण नै गरेको पाईएन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन।

सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

निजामती सेवा ऐन, २९७४ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन ।

राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वियनमा ल्याएको छैन ।

चालु वर्षमा सम्पन्न गर्नुपर्ने कामको लागि दिएको पेश्की समेत समयमा पेश्की फछ्र्यौट नगरेको, उपभोक्ताको पेश्कीको लेजर तयार गरी प्रमाणित नगरेको।

ईन्धन खर्चको लगबुक एवं कोटा निर्धारण गरी नियन्त्रण नगरेको आदी।

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वियन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वियन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **दरबन्दी र पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारीसमायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार विभिन्न पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १०८ व्यक्तिहरुलाई रु. १५ हजार देखि ३६६०० सम्म गरी जम्मा रु.२० लाख आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ३३४५२९७७.१२ को ५.९७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

६ **खरिद तथा ठेका अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नु पर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७ **सफ्टवेयरको प्रयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ. ८१३ मिति २०८१।३।२३ मा योजनाको अनुगमन, मुल्यांकन तथा प्रगति सम्बन्धी सफ्टवेयर खरिद गरी म्याट्रिक्स प्रालिलाई रु.२,९९,५०० भुक्तानी दिएकोमा देखिन्छ । त्यसैगरी भौचर नं ३०६ लगायतको भोचर बाट गत आ. व मा खरिद गरीएको सफ्टवेयरको नविकरण रकम भनी रु १०८९३० ए .एन.ए टेक्नोलोजी प्रा.ली लाई भुक्तानी गरेको पाइयो ।उक्त सफ्टवेयरको खरिद तथा सञ्चालनमा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।त्यसैगरी गत आ.वको सम्झौताको रकम यस आ.व मा भएको हुनाले सफ्टवेयर खरिद गर्दा सेवा शुल्क तथा नविकरण रकम के कति निर्धारण गरिएको थियो सो को प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०८,९३०

८ **अवण्डा वजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यो वर्ष रु ३० लाख ४६ हजार ६ सय ७५ अबण्डा बजेट व्यवस्था गरी ३० भन्दा बढी योजनामा रु. २९ लाख ७१ हजार खर्च गरेको छ।बजेट अबण्डामा राखी खर्च गरी सके पश्चात कार्यपालिकाले निर्णयले अनुमोदन गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन।

तसर्थ बजेट

क्र सं	कोषको नाम	योजनाको नाम	संख्या	बजेट / खर्च
१	आवश्यकता र औचित्यतताको आधारमा बढीमा १ लाख सम्म खर्च गर्न सकिने कार्यक्रम	विभिन्न कार्यक्रम २५ हजार देखि १ लाख सम्मका	३५ भन्दा बढी कार्यक्रम तथा योजना	२९७११७५

तसर्थ बजेटको सिद्धान्त अनुरुप गाउँसभाबाट पारित गराई मात्र खर्च गरीसरकारीखर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

९ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दासम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत,स्थानीय बजारमा प्रचलित दरभाउ,अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानीखर्च,उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदी विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले लागत अनुमान तयार गर्दा अन्य विभिन्न आधारलाई ध्यान दिनुपर्नेमा विभिन्न फर्महरुसँग दररेट माग गरी सोको औषतका आधारमा मात्र लागत अनुमान तयार गरेको पाईयो।यसरी फर्महरुले पेश गरेको दररेटमा वस्तुको मूल्यमा ठूलो अन्तर पाईयो जसले गर्दा लागत अनुमान अस्वभाविक रुपमा वृद्धि भइ लागत विश्वसनिय नहुने र खरिद कार्यमा मितव्ययी नहुने देखिन्छ।

१० **अनुगमन तथा मूल्यांकन भत्ता**

गाउँपालिकाको अनुगमन मूल्यांङ्कन कार्याविधी तथा अनुगमन मूल्यांङ्कनको वार्षिक कार्ययोजना नवनाईअनुगमन भत्ता भुक्तानी गरेको छ । गाउँपालिकाले यस वर्ष अनुगमन मूल्यांङ्कनमा रू २६ लाख ६९ हजार खर्च लेखेको छ । सेवा सुविधा प्रदेश कानुनले निर्धारण गर्नुपर्नेमा गाउँपालिकाले प्रति दिनको रू १००० का दरले अनुगमन भत्ता भुक्तानी गरेको देखियो। यसरी प्रदेश कानुनले नै स्थानीय तहको सेवा सुविधासम्बन्धी कानुन वनाइ दिनुपर्नेमा गाउँपालिकाले आफैले अनुगमन भत्ता तोकी भुक्तानी गरेको र वार्षिक अनुगमनमूल्यांङ्कन कार्ययोजना नवनाइ प्रत्येक कार्यक्रमको छुट्टै अनुगमन मूल्यांङ्कन सूचक तयार नगरी अनुगमन मूल्यांङ्कन खर्च लेखेको नियमसम्मत देखिदैन । गाउँपालिकाले अनुगमन मूल्यांङ्कन सूचक तयार गरी मितव्ययिता कायम हुनेगरी अनुगमन मूल्यांङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

११ **व्यक्तिको नाउँमा भुक्तानी :**

सरकारी खाता संचालन निर्देशिका, २०७६ मा सरकारी रकम भुक्तानी गर्दा सम्बन्धित पार्टिको खातामा बैकिङ्ग माध्यम र विद्युतिय कोष हस्तान्तरण (EFT) मार्फत गर्नुपर्नेमा जोड दिएको देखिन्छ ।पालिकाले अधिकाँश रकम कर्मचारीको खातामा पेश्की नदिइ सिधै वजेट खर्च बाट भुक्तानी दिइ सोधभर्ना गरेको छ। सम्वन्धित व्यक्तिलाई भुक्तान भएको आस्वस्थ हुने माध्यम भरपाई हस्ताक्षर मात्र हुदा यकिन गर्न सकिएन।केहि उदाहरण निम्नानुसार रहेका छन् ।

भौचर नं	व्यक्तिको नाम	पद	सामाग्री खरिद	रकम
२७७	शुकदेव गौतम	स्टोर किपर	मसलन्द तथा कार्यालय सामाग्री	७६३७५
३३८	उषा भण्डारी	वडा सचिव	मसलन्द तथा कार्यालय सामाग्री	११६०००
३८९	गीता श्रेष्ठ	वडा सचिव	मसलन्द तथा कार्यालय सामाग्रीध	११५९६६
३९१	निरजकुमार चौधरी	वडा सचिव	मसलन्द तथा कार्यालय सामाग्री	१७४०००
४९८	कविता काफ्ले	वडा सचिव	पानी तथा विजुली	११६०००

१२ **सहकारी अनुगमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदनबुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र ४७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रकासहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन

प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा २८ सहकारी संस्थाको मात्र निरीक्षण गरेको देखियो बाँकी १९ वटाको निरीक्षण गरेको देखिएन ।निरीक्षणबाट सहकारी ऐन नियमको पालना विनियम संशोधन सुचना अधिकारी र गुनासो पेटिकाको व्यवस्था, गाँउपालिकामा पेश गर्नुपर्ने प्रतिवेदनमा नियमितता, लेखा समितिको बैठक तथा कार्यविधि लगायतमा विषयमा सुझाव दिएको देखिन्छ।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सबै सहकारीको अनुगमन समेत गरी दिइएका सुझावहरुको कार्यन्वयन अवस्थाको समेत प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८ को दफा १२ अनुसार विदेशी अतिथी तथा पाहुनाहरुको लागि बाहेक सरकारी खर्चबाट भोज भतेर गर्न नपाइने उल्लेख छ। गाउँपालिकाले अतिथि सत्कार मा रु ४,८९,८१० तथा विविध खर्चमा रु २५६४३२५ गरी रु ३०५४१३५ खर्च भुक्तानी गरेको छ ।कतिपय खर्चको विल तथा कागजात भएतापनि बैठकको निर्णय, खर्च गर्नुपर्ने औचित्यतता देखिदैन।विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, जुस, पानी आदीको खर्च गरेको देखियो। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१४ **शिर्षक फरक पारी भूक्तानी** –

अर्थ मन्त्रालयको एकीकृत आर्थिक संकेत र वर्गिकरण र व्याख्या,२०७४ अनुसार खर्च शिर्षक सँग सम्वन्धित कारोबार मात्र उक्त खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको आर्थिक कारोबार शिर्षकको लेखापरीक्षण गर्दा निम्नानुसारको फरक शिर्षकबाट खर्च भएको देखिएकोले नियमानुसार नभएको रु.

क्र.सं.	गो.भौ.नं. र मिति	कारोबारको विवरण	हुनुपर्ने खर्च शिर्षक	भएको शिर्षक	कारोबारको रकम
१	८१।२०८१।३।२३	नेट वापतको रकम भूक्तानी	२२११२	२२७११	२७६०००
२	विभिन्न ८ वटा गो भौ मार्फत	विज्ञापन तथा सुचना	२२३१५	२२५२२	४२२४०६
जम्मा					६९८४०६

अनियमित भएको	६,९८,४०६

१५ **सभा संचालन खर्च** –

अर्थ मन्त्रालयको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ मा कार्यालयले तालिम,गोष्ठी,सेमिनार संचालन गर्दा मितव्ययी कायम गरि संचालन गर्नुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष सभा संचालनको लागि रू.८ लाख ३३ हजार खर्च लेखि गाउँ सभा भत्तामा रू.223000।– गेष्ट हाउस,होमस्टे तथा खाजाको लागि रू.६ लाख १० हजार खर्च गरेको पाईयो। पालिकाले मापदण्डमा भएको व्यवस्थाको कार्यान्वयनमा विशेष ध्यान दिई बजेटलाई उत्पादनमूलक तथा पूँजि निर्माण हुने क्षेत्रमा खर्च गर्नुपर्दछ ।

१६ **राजस्व व्यवस्थापन**

१६.१ **आन्तरिक राजशवको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १२ करोड ५४ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू ३ करोड ५२ लाख अर्थात अनुमान भन्दा ७४ प्रतिशत घटि आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१६.२ **आन्तरिक आय**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदान	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
444900000	33452977.12	७.51

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.५१ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६.३ **राजश्व अभिलेख** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानि जनाउदा जुनसुकै माध्यमबाट राजश्व प्राप्त गरेको भएतापनि त्यस्तो राजश्व स्विकृत राजश्व वर्गिकरण र व्याख्या बमोजिम लगती राजश्व तथा हसबली राजश्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीमा रहेर लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाको राजश्वको श्रेष्ता लेखापरीपक्षण गर्दा आम्दानिको अभिलेख व्यवस्थित नभएको, आवश्यक म.ले.प फारामहरु तयार नगरेको जस्ता कैफियतहरु देखिएका छन्।अतः कार्यलयले आगामी दिनमा सम्पूर्ण प्रकारका राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुयाउनुपर्ने देखियो ।

१६.४ **राजश्व दाखिला** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ मा कार्यालयले बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन र सोही दिन सम्भव नभएमा भोलीपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ।साथै सोही ऐनको दफा २८ मा तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।कार्यालय अन्तर्गत 8 वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ।

१६.५ **विभाज्य कोष खाता** – प्रदेश सरकारको अर्थ सम्बन्धी कारोबारलाई कार्यान्वियन गर्न विधेयकको दफा ९ मा ढुङ्गा,गिट्टि,बालुवा,दहत्तर बहत्तर शुल्क स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम वाँडफाँट गरि ६० प्रतिशत स्थानीय तहको संचित कोषमा र ४० प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था उल्लेख छ ।पालिकाले यो वर्ष दहत्तर बहत्तर वापत रू. २४०६२४१४.१२(मू.अ.क सहित) असुल गरेकोमा प्रदेश संचित कोषमा ४० प्रतिशत रकम दाखिला गरेको छ ।

१६.६ **मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

१६.७ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस

बर्ष ९९२१९८।-हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने गर्नुपर्दछ ।

१६.८ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु २७८००।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१६.९ **पालिकाको सटर भाडाको आम्दानी** – पालिका र साझा सहकारी संस्थाले संयुक्त रुपमा सटर भाडामा दिने सम्झौता गरी विभिन्न १० वटा सटरलाई भाडामा दिने सम्झौता गरेको छ ।सम्झौतामा उल्लेख भएको दरमा मासिक रुपमा भाडा नवुझाउने निम्नानुसारका पसल धनीबाट निम्नानुसारको रकम आर्थिक वर्षको अन्त्य तथा लेखापरीक्षण अवधिसम्म पनि असुल हुन वाँकि रहेकोले सम्वन्धित पसल धनीबाट असुल हुनुपर्ने रू.

क्र.स.	सटर नं.	पसल धनीको नाम	असुल हुन बाँकी रकम
१	१	बिकेश लामा	१८०००
२	२	कुमार तामाङ	२२५००
३	६	शशिकला मोक्तान	१७५००
४	९	ज्ञानेन्द्र बलामी	१८५००
जम्मा			७६५००

असुल गर्नुपर्ने	७६,५००

१६.१० **एम्बुलेन्सको आम्दानी** –

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,१८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१६.११ **दहत्तर बहत्तर शुल्क** – स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क)मा आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरण परीक्षणबाट तोकिएको परिणाममा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शूल्क लिन सक्ने व्यवस्था छ।पालिकाले यस बर्ष दहत्तर बहत्तर शुल्क वापत रू. २४०६२४१४।१२ संकलन गरेको छ। पालिकाले तयार पारेको IEE प्रतिवेदन अनुसार यस अन्तरगत पर्ने ८ वटा खोलाहरुमा ६७७१३.५ घ. मि. मौज्दात रहेको र वार्षिक ४७३९९.४५ घ.मि. उत्खनन् गर्न मिल्ने कुरा उल्लेख छ ।पालिकाले आय ठेक्का लगाएको छ तर के कति परिमाणमा ढुंगा,गिट्टी बालुवा उत्खनन् भएको हो भन्ने सम्वन्धमा लेखापरीक्षणको क्रममा विवरण माग भएकोमा उपलव्ध हुन सकेन । पालिकाले सम्झौतामा उल्लेख गरेअनुसारको परिमाणमा नै उत्खनन् भएको छ भन्ने सम्बन्धमा एकिन हुन सकिएन।यसको अद्यावधिक विवरण पालिकाले तयार गर्नुपर्दछ ।

१६.१२ **गत बर्षको दायित्व** – बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली,, २०७६ को नियम ४१(६) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र

भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ।यस पालिकाले आ.ब. २०७९।८० मा बिभिन्न ४ वटा योजना, कार्यक्रम तथा शिर्षकमा रु. २९ लाख ६५ हजार।- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०८०।८१) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरि उक्त रकम भुक्तानी गरेको पाइयो। बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ

१६.१३ **उपभोक्ता समिति मार्फत सामान खरिद** – गो २०८१।०३।०५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सडक वत्ति खरिदको लागि उपभोक्ता समिति गठन गरि रू.१ लाख भूक्तानी गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत खरिद भएकोले अनियमित भएको रू.

अनियमित भएको	१,००,०००

१७ **चालु तथा कार्यक्रम खर्च**

१७.१

अन्य कार्यालयको खर्च –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेबार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भूक्तानी दिन आवश्यक विल भरपाई र कागजपत्र संलग्न भए वा नभएको तथा भूक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष बजेट मार्फत नै कार्यक्रम खर्च शिर्षक नं.२२५२२ (जुन् शिर्षक नं.मा कार्यक्रम जस्तै कृषि,स्वास्थ्य,शिक्षा,महिला,पर्यटन लगायतका विभिन्न क्षेत्रमा संचालन हुने उत्पादन तथा सेवा प्रवाह सम्वन्धी कार्यक्रमको लागि भएको खर्च लेखिन्छ ।) मा नेपाल प्रहरी व्यवस्थापन कार्यक्रमा रू. ५ लाख विनियोजन गरि रू ४,७४,१३६ खर्च गरेको देखियो । संघीय सरकारका निकायहरुमा संघीय सरकार कै बजेट विनियोजन र खर्च हुने व्यवस्था रहेकोमा स्थानीय सरकारले संघीय सरकार अन्तरगतका कार्यालयको लागि रकम विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।यसरी खर्च गरेको रकम अनियमित भएको रू

अनियमित भएको	४,७४,१३६

१७.२ **स्वयम् सेवक शिक्षक** – ककनी गाउँपालिकाको शिक्षक दरबन्दि मिलान तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०८० को आधारमा पालिकाले यो वर्ष ६२ जना स्वयंसेवक शिक्षक नियुक्त गरि वार्षिक रू.१०७८११५६। –स्वयम् सेवक शिक्षक कार्यक्रम र रू. ४४८८९३। पारिश्रमिक कर्मचारीबाट गरि जम्मा रू. ११२३००४७।- खर्च लेखेको देखिन्छ ।यस सम्वन्धमा देखिएका व्यहोराको विश्लेषण निम्नानुसार छन् ।

(क) पारिश्रमिक कर्मचारी खर्च शिर्षकबाट स्वयम् सेवक शिक्षकको तलव भत्तामा खर्च भएकोमा अनियमित भएको रू.

(ख) पालिकाको यो वर्षको आन्तरिक आम्दानी ३७०६३४३४।– रहेकोमा स्वयंसेवक शिक्षकमा मात्र रू. ११२३००४७।– अर्थात कुल आन्तरिक आम्दानीको ३०।२९ प्रतिशत रकम खर्च भएको देखिन्छ । पालिकाले अन्य वैकल्पिक व्यवस्थाको माध्यमबाट स्वयंसेवक शिक्षक नियुक्ति गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

(ग) ककनी गाउँपालिकाको शिक्षक दरबन्दि मिलान तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०८० को परिच्छेद ४ को दफा १५(ङ) मा शिक्षक छनौट गर्दा गठन हुने समितिमा पालिकाको सदस्य नरहने तथा दफा १५ (छ) मा शिक्षक सेवा आयोगले तोकेको शैक्षिक योग्यता भएको तर अध्यापन अनुमति पत्र नभएका उममेदवारहरु समेत योग्य हुनेभएको कारणले गर्दा कार्यविधिमा तोकिएको प्रक्रिया पूरा भए नभएको साथै उपयुक्त उम्मेदवार नियुक्त भए/नभएको सम्वन्धमा पालिकाले निरन्तर अनुगमन गर्नुपर्दछ ।

क्र.सं.	मासिक दर रू.	तह	शिक्षक संख्या
१	१६०००	प्रावि	३०
२	१८०००	निमावि	२४
३	२००००	मावि ९-१०	६
४	२४०००	मावि ११-१२	२
जम्मा			**६२**

अनियमित भएको	४,४८,८९३

१७.३ **पोशाक खर्च -**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१८ **डि पि आ र खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ।यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

कार्य विवरण	परामर्शदाता	खर्च रकम
सडक गुरुयोजना	भुगोल ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.ली.	९८००००
पर्यटकीय गुरुयोजना	लियोनार्दो ईन्जिनियरिङ्ग	७९७०००
जम्मा		१७७७०००

१९ **शिक्षा तर्फ (स्थानीय तह)**

१९.१ **अनुदानको अनुगमन -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गतको बुँदा नं.९.३. मा शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिका निर्णय अनुसार खर्च गर्नुपर्ने साथै विद्यालयले सो अनुदानबाट सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन सम्बन्धित स्थानीय तहमा नियमित रूपमा पठाउनुपर्ने र स्थानीय तहले प्रस्तावअनुसार अनुदान रकमको उपयोगको

अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यसम्पादनमा उत्कृष्ट कार्य गरेका पहिलो विद्यालय शिवालय मा.वि. लाई क्रमश ३ लाख कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयको खातामा निकासा गरेकोमा निकासा प्राप्त गरेको विद्यालयले प्रस्ताव अनुसार खर्च गरेको बिल भरपाई पेश नगरेको साथै पालिकाले पनि अनुगमन गरेको नदेखिएकोले सम्बन्धित विद्यालयलाई निकासा भएको अनुदान प्रस्तावअनुसार खर्च भयो भन्न सकिने अवस्था नदेखिएको रु

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३,००,०००

१९.२ **प्राविधिक भत्ता** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९.३ **तलब भत्ता बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,५६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५५,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९.४ **बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,८०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९.५ **तोकेको भन्दा बढी बाल विकास सहजकर्ता** - प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (संशोधन समेत) बमोजिम एउटा विद्यालयमा वा समुदायमा २५ जनासम्मको लागि छुट्टै एउटा कक्षा कोठा र १ जना तालिम प्राप्त सहजकर्ताको व्यवस्था गर्नुपर्ने व्यवस्था छ।पालिकाले प्रारम्भिक बाल विकास कक्षामा तोकेको भन्दा कम विद्यार्थी भएका निम्न विद्यालयमा १ भन्दा बढी बाल विकास सहजकर्ता नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको छ । बाल विकास कक्षामा तोकेको भन्दा बढी विद्यार्थी भएको विद्यार्थीहरुका लागि १ भन्दा बढी कक्षाकोठाको व्यवस्था गरी अध्ययन अध्यापन गराएको यकीन नभएकोले तोकेको भन्दा बढी विद्यार्थीहरुलाई समेत एउटा कक्षाकोठामा राखी अध्ययन अध्यापन गराएको देखिएमा १ मात्र बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा दिनुपर्ने र बाल विकास कक्षामा तोकेको भन्दा कम विद्यार्थी भएको विद्यालयलाई बाल विकास सहजकर्ताको पारिश्रमिक बापत निकासा भएको रु.

क्र.सं.	विद्यालयको नाम	बालकक्षामा अध्ययनरत विद्यार्थी	आवश्यक सहजकर्ता	नियुक्त सहजकर्ता/कास	तोकेको भन्दा बढी सहजकर्ता	बढी भुक्तानी रकम
१	महेन्द्र मा.वि.	२८	१	२	१	२३१०००
२	मुकुन्देश्वरी मा.वि.		१	२	१	१९२०००
जम्मा						४२३०००

असुल गर्नुपर्ने	४,२३,०००

१९.६ **OJT निर्वाह भत्ता** - शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.५० अन्तर्गतको उपक्रियाकलाप नं.२.६ मा प्राविधिक धार सञ्चालन अनुदान प्राप्त विद्यालयमा अध्ययनरत प्रति विद्यार्थी रु.१५०००।– का दरले हुन आउने एकमुष्ट अनुदान विद्यालयलाई दिने र प्राविधिक धार अन्तर्गत विद्यार्थीले कक्षा १० पछि ३ महिना□ कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिना गरी १२ महिनाको व्यवहारिक अभ्यास (OJT) गराउने र व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारको दरले रमक सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न विद्यालयलाई प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु.१५०००।– का दरले रकम उपलब्ध गराएकोमा विद्यालयले व्यवहारिक अभ्यास (OJT) बापत विद्यार्थीहरुलाई उपलब्ध गराउनुपर्ने विद्यार्थी निर्बाह भत्ता सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराएको प्रमाण पेश नगरेकोले व्यवहारिक अभ्यास (OJT) बापत विद्यार्थीहरुलाई उपलब्ध गराएको निर्बाह भत्ता सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराएको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं.	प्राविधिक धारको विद्यालय	प्राविधिक धारमा अध्ययनरत विद्यार्थी			OJT बापत निर्बाह भत्ता
		कक्षा १०	कक्षा ११	कक्षा १२	
१३३/२०८०।१२।०४	श्री नवजीवन मा.वि.	३०	११	२७	२८५०००
जम्मा२					२८५०००

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **५४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,८५,०००

२० **औषधि खरिद** –

औषधि खरिद – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले संघीय हस्तान्तरित बजेट उप तथा गाउँपालिका चालु शिर्षकबाट गोशाइकुण्ड मेडिसन सप्लायर्स प्रा.लि. सँग रु.१५३०६९४.११ को औषधि खरिद गरेको छ ।यस सम्बन्धमा निम्म व्यहोरा देखिएका छन् ।

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत ९३ दिनले रोजगारी उपलव्ध गराई रु.५३,२९,९३६ ।- श्रमिक ज्याला खर्च गरेको छ । यस पालिकामा सञ्चालित योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ । योजनाहरुको अनुगमन तथा मूल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्य पनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२२ **उपभोक्ता समितिको काम**

२२.१ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत

उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।

सि न	उपभोक्ता समितिको नाम	कामको नाम	रकम
१	थर्पुगाउ हुदै लामिछाने गाउ मोटरबाटो उ. स.	बाटो निर्माण	१४६६३४६
२	गाउपालिका जानेबाटो ढलान उ .स.	बाटो ढलान	१९२८०००
३	मिरकुना मोटरबाटो निर्माण उ. स.	बाटो निर्माण	१५०००००
४	पुतली चौतारा खोलापारी हसदी सिमपानी स. उ. स.	बाटो निर्माण	७०००००
५	महाकल मोटरबाटो नि. उ. स.	बाटो निर्माण	१३९५६२२
६	रैलाघर थापागाउ गैरिखर्क सडका ग्राबेल उ. स.	बाटो निर्माण	८०००००
७	बाघखोर सडक पानीखोला मेलडाडा सड मर्मत उ.स.	बाटो निर्माण	२३६७४०६
८	असिमुरे लौक ढोका भञ्जाङ मोटर बाटो ग्राबेल उ. स.	बाटो निर्माण	१५०००००
९	सुबेदारटोल भण्डारथुका सडक नि. उ. स.	बाटो निर्माण	१५०००००
१०	वडा कार्यालय मोटरबाटो ढलान ३ उ. स.	बाटो ढलान	१५०००००
११	कुले माथिल्लो सिउडेनी मोटरबाटो उ. स.	बाटो निर्माण	२००००००
१२	मगरा पाचपुरी मोटर बाटो नि. उ. स.	बाटो निर्माण	९९८४००
१३	नाहारमोटरबाटो नि. उ .स.	बाटो निर्माण	७९६०००
१४	सिमचोर मिलडाडा बराबोट सडक वडा न ३ उ. स.	बाटो निर्माण	२००००००
१५	सानुचित्रे सुनारगाउ ड्रेन निर्माण	ड्रेन निर्माण	१५०००००

२२.२ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

२२.३ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

२२.४ **उपभोक्ता समितिको काम निर्माण ब्यावसायीले गरेको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को१३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस पालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन । यसरी उपभोक्ता समितिलाई दिएको काम निर्माण ब्यावसायीबाट गराएको नियमसंगत मान्न सकिने आधार देखिएन।अतः पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो. भौ.न र मिति	योजनाको नाम	निर्माण ब्यावसायी नाम	ब्यावसायीले गरेको काम	भुक्तानी रकम
२५।२०८१।२।१	ठुलाचित्रे फुटवल निर्माण उ. स.	देभान्सी कन्स्ट्क्शन एण्ड सप्लार्स	५७६०२८	४९९३००
१२।२०८०।११।२४	वडास्तरीय सरसफाई उपभोक्ता समिति	रशिला कन्स्ट्क्शन प्रा लि	५६९५२०	४९८०००
८।२०८०।११।१४	कोल्पु अधिकारीटोल गणेश स्थान आचार्य टोल उ .स.	देभान्सी कन्स्ट्क्शन एण्ड सप्लार्स	१०३०००४	१००००००
२२४।२०८१।३।२३	रैलाघर थापागाउ गैरीखर्क सडक उ. स.	माँ जलपा कन्स्ट्क्शन एण्ड सप्लार्स	८४७७२६	८०००००
१९७।२०८१।३।५	पुतलीचौतारा खोलापारी हसदी सडक नि. उ स.	गोरखा सप्लार्स एण्ड टेडिङ प्रा लि	७९०१५८	७०००००
५।२०८०।६।२४	भण्डार पुम्का पहिरोवाल नि. उ. स.	इचागुनारायण कन्स्ट्शन प्रा लि	५६१५६७	४३९४०९

२२.५ **मु अ कर समायोजन प्रमाण पेश गर्नु पर्ने-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को१३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस गाउँपालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन ।अत यसरी गाउपालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू

गो. भौ.न र मिति	योजनाको नाम	निर्माण ब्यावसायी नाम	भुक्तानी रकम	म.अ. कर
९।२०८०।७।१	असिमुरे लौका ढोकाभन्ज्याङ मो .बा. उ. स.	अल हिमाल टेड्र कन्सर्न प्रा लि	१०४०७३०	११९७३०
२०।२०८०।७।५	वडास्तरीय मोटरबाटो नि. उ. स.	अल हिमाल टेड्र कन्सर्न प्रा लि	४६००२३	५२९२३
२२।२०८०।८।१९	वडा न ७ अन्तरगत मोटरबाटो सरसफाई उ. स.	सेतिदेबी मन्जरी कन्स्ट्रक्शन प्रा लि	६२४८९०	७१८९०
५४।२०८०।१०।२३	थर्पु हुदै लामिछानेगाउ मोटर बाटो नि .उ .स.	देभान्सी कन्स्टक्शन एण्ड सपलार्स प्रा लि	५८१३२२	६६८७४
	थर्पु हुदै लामिछानेगाउ मोटर बाटो नि. उ. स.	देभान्सी कन्स्टक्शन एण्ड सपलार्स प्रा लि	४५८३५०	५२७३०
६६।२०८०।११।०२	वडास्तरीय मोटरबाटो निर्माण उ. स.	देभान्सी कन्स्टक्शन एण्ड सपलार्स प्रा लि	३१३०१५	३६०१०
	वडास्तरीय मोटरबाटो निर्माण उ. स.	देभान्सी कन्स्टक्शन एण्ड सपलार्स प्रा लि	४६०८००	४६८००
८१।२०८०।११।८	वडास्तरीय मोटरबाटो निर्माण उ .स.	एन एन एन कन्स्ट्शन	६२९९९७	७२४७७
८८।२०८०।११।१३	चतुराले लच्याङ सिदुरे खोला मोटरबाटो नि. उ. स.	सेतिदेबी मन्जरी कन्स्ट्रक्शन प्रा लि	१०९९२८०	१२६४६५
९७।२०८०।११।१५	वरवन्दी सिरूवासी गुम्बा हुदै तिनघारी मो बा उ.स.	देभान्सी कन्स्टक्शन एण्ड सपलार्स प्रा लि	४६०११९	५२९३४
१४३।२०८०।१२।२६	गुम्वाडाडा खानेपानी उ .स.	देभान्सी कन्स्ट्शन एण्ड सप्लार्स प्रा लि	२९१०७७	३३४८६
१९७।२०८१।३।५	पुलली चौतारा खोलापारी हसदी सड नि. उ. स.	गोर्खा सप्लार्स टेडिङ एण्ड सप्लार्स प्रा लि	७९०१५८	९०९०३
२२४।२०८१।३।२३	रैलाघर थापागाउ गैरीखर्क सडक ग्रावेल उ. स.	माँ जलपा कन्स्ट्शन सप्लार्स एण्ड विल्ड्रस	८४७७२६	९७५२६
८।२०८०।११।१४	कोल्पु अधिकारीटोल गणेशस्थान आचार्यटोल मो उ. स.	देभान्सी कन्स्ट्शन एण्ड सप्लार्स प्रा लि	१०३००००	११८४९६
१२।२०८०।११।२४	वडास्तरीय बाटोसरसफाई उ. स.	रशिला कन्स्ट्शन	५६९५२०	६५५२०
जम्मा				११०४७६४

प्रमाण पेश नगरेको	११,०४,७६४

२२.६ **निमार्ण ब्यावसायीले वालुवा ढुंगा बिक्री** -पालिका कार्यालयले आर्थिक बर्ष २०८०।८१ लागि ढुङ्गा वालुवा दहत्तर बहत्तर निकासीको लागि EIA गराई प्रतिबेदन अनुसार जम्मा परिमाण निकाल्ने भनी सुचना निकाली रेडियन्ट बिल्ड्रस संग सम्झौता गरेकोमा कार्यालयले उपभोक्ता समितिबाट निर्माण गराएको कार्यमा उक्त पार्टीले जारी गरेको रोयल्टी बिजक पेश नलिई अन्य निर्माण ब्यावसायीको मु अ कर बिजक पेश लिई वालुवा ढुङगा खरिद गरी भुक्तानी भएको देखिन्छ। यसरी पालिकाले ठेक्का लगाएकोमा पालिकाको ठेक्काको रोयल्टी बिल पेश नलिई निर्माण ब्यासायीबाट वालुवा ढुगा खरिद गर्नाको कारण एकिन हुन सकिएन । साथै पालिकाले लगाएको ठेक्काबाट के कति परिमाणमा निकासा भएको हो भन्न सकिने आधार देखिएन । अत पालिकाले निर्माण कार्य गराउदा पालिकाले निकासी सम्वन्धी परिमाण एकिन गर्न पनि पालिकाले लगाएको ठेक्काबाट वालुवा ढुङ्गा खरिद गर्नतर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन

उपभोक्ता समितिको नाम	ब्यावसायीको नाम	समान	रकम
कुले माथिल्लो सिउडेनीमवटरबाटो उ. स.	रशिला कन्स्ठक्शन एण्ड सप्लार्स	ढुंगा गिट्टी वालुवा	७४२९६५
बाघखोरसडकको पानीघर सडक नि. उ. स..	जाम्भाला बिल्ड्र्स	ढुंगा गिट्टी वालुवा	१०७५७६०
रैलाघर थापागाउ गैरि खर्क सडक उ. स.	मा जलपा कनस्टक्शन एण्ड सप्लार्स	ग्रावेल	७१२३८००
मिरकुना मोटर बाटो नि उ. स.	आलिशा कन्स्टक्शन	ढुंगा ग्राबेल	७७००००
गाउपालिका जाने बाटो ढलान उ .स.	देभान्सी कन्स्टक्शन एण्ड सप्लार्स	ढुंगा गिट्टी	३९८०००

यसरी ब्यावसायीले बेचेको वालुवा ढुंगाको रोयल्टी पालिकाले यकिन गरी असुल गरी पालिका संचितकोष र प्रदेश कोषमा दाखिला गराउनु पर्दछ ।

२२.७ **जनश्रमदान-ः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ।तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको असूल गर्नुपर्ने देखिएको रू

गो.भौ.नं.	उपभोक्तासमिति र काम	मुल्याङ्कन रकम	जनसहभागिता हुनु पर्ने रकम	जनसहभागिता भएको रकम	घटी अनुपातिक कट्टी रकम	शिर्षक
१५। २०८० ।१२।१९	सुवेटार भण्डारथुम्का सडक नि उ स	१७१७१२०	२५७५६८	२५३०१७	४५५२	
१६। २०८० ।१२।२६	वडा न३ कार्यालय मोटरबाटो ढलान उ स	१७१७४०५	२५७६१०	२५२८१६	४७९४	
२३। २०८१ ।२।१	मगटा पाचपुरी मोटरबाटो नि उ स	१११४२४३	१६७१३६	१४५८४२	२१२९४	
२६। २०८१ ।२।८	नाहामोटर बाटो नि उ स	८८८८१०	१३३३२१	११६८०९	१६५१२	
३१। २०८१ ।२।१५	नयाँ वस्ती वासखर्क चित्रे मोटरबाटो नि उ स	५५६११४	८३४१७	७२८५९	१०५५८	
३२। २०८१ ।२।२१	रातमाटे हातिडाडा मोटरबाटो नि उ स	१११९८८१	१६७९८२	१५१७८२	१६२००	
४१। २०८१ ।३।३	ओखरपौवा पौवा निर्माण उ स	५५७१५९	८३५७३	७३२८३	१०२९०	
४२। २०८१ ।३।९	सिस्टार जलुकेनी मोटरबाटो नि उ स	१३४०७०	१३४०७०	१२१४००	१२६७०	
५५। २०८१ ।३।२३	खानेपानी मर्मत उ स १	५५५१८९	८३२७८	७४१७७	९६८७	
५६। २०८१ ३।२३	वाघखोर नेपाने सड मेलडाडा उ स	५५५४०९	८३३११	७४१७७	९१३४	
४९। २०८१ ३।२४	गणेशस्थान माउले स्थान मो बा नि उ स	१११८०६१	१६७७०९	१५०९५०	१६७५९	
५३। २०८० ।१०।२३	स्याउले हुदै सरस्वती मा बि हुदै मो बा नि उ स	५५५७२८	८३३५९	७६२२८	७१३१	गा पा पुजिगत
२४५। २०८१।	महाकाल मागल मोटरबाटो उ स	१५६५७५९	२३४८६३	२१२१३७	२२७२६	

३।२४						
	जम्मा				१६२३०७	

असुल गर्नुपर्ने	१,६२,३०७

२२.८ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।अत कार्यालयले निर्माण तथा खरिद गरेका समानको परिक्षण गराउन तर्फ ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न अनुसार छन् ।

सि.नं	निर्माण कामको विवरण	पार्टीको नाम	भुक्तानी रकम
१	महालक्ष्मीस्थान सिरनगाउहुदै जुनकिनी सडक	दिपएणंड दिया बिल्ड्रस	६३४९८८३
२	सिस्टार जलुकेनी मोटरबाटो नि. उ. स.	मोटरबाटो नि. उ. स.	७९६४००
३	हेल्थपोष्ट मोटरबाटो निर्माण उ. स.	मोटरबाटो नि. उ. स.	४९६५९६
४	गणेशस्थान माउलेस्थान मोटरबाटो नि. उ. स.	मोटरबाटो नि. उ. स.	९९७११०
५	रातमाटे हातिडाडा मोटर बाटो नि. उ .स.	मोटरबाटो नि .उ. स.	९९८१००
६	वडान ३ मोटरबाटो ढलान नि. उ. स.	मोटरबाटो नि .उ .स.	१५०००००
७	ले माथिल्लो सिउडेनी मोटरबाटो नि.उ. स.	मोटरबाटो नि .उ. स.	२००००००

२२.९ **अनुगमन नभएको** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०८०।८१ मा संचालन भएका योजना तथा कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्बारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्बारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

२२.१० **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२२.११ **निर्माण सामाग्रीको मु. अ. कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ।यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ।यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको नियमसंगत देखिएन।अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

भौचर नं.	उपभोक्ता समितीको नाम	कामको विवरण	मु.अ. कर भुक्तानी रकम	बिजक पेश भएको रकम	बिजक पेश नभएको रकम	शिर्षक
३९।२०८०। १०।५	भवानी मा बि लहवटोल सडक ढलान उ. स.	डण्डीको काम३५५४के जी	४५२७७	३७४००	७८७७	गा पा
	भवानी मा. बि. लहवटोल सडक ढलान उ .स.	सिमेन्ट ३३२ बोरा	३०२१२	२४८१७	५३९५	
९१।२०८०। ११।१३	केउरेनी त्पाउडा मोटर बाटो उ. स.	सिमेन्ट २०० बोरा	१८२००	१४४८३	३७१८	
	केउरेनी त्पाउडा मोटर बाटो उ .स.	डण्डीको काम १९१५के जी	२४४०४	२०९१७	३४८६	
१६२।२०८१। २।६	गाउपालिका भवन जाने बाटो ढलान उ. स.	सिमेन्ट ८०८ बोरा	७३५२८	५८०३२	१५४९६	
	गाउपालिका भवन जाने बाटो ढलान उ. स.	डण्डीको काम ५२०३के जी	६६२८६	५८८४५	७४४०	
२५०।२०८१। ३।२४	बाघखोर सडक पानीघोर खोला मेलडाडा सडक उ. स .	डण्डीको काम ४२७३के जी	५४४३८	४६६६१	७७७६	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१४,०९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५१,१८८

२२.१२ **फरक शिर्षकमा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गत बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कनै एक वा एक भन्दा बढी अनुदान संङ्केत अन्तर्गतको उपशिर्षकमा बचत हने रकमबाट विनियोजन ऐनमा तोकिएको सिमाभित्र रही सुत्रमा प्रबृष्टी गरी रकमान्तर गर्न सक्ने ब्यवस्था छ ।यस पालिकाले उक्त ब्यवस्था पालना नगरी रकमान्तर गरेको रकम सुत्रमा प्रविष्टि नगरी पहिले नै कायम भएको शिर्षकबाट खर्च लेखेको देखिन्छ।यसरी ऐनको ब्यवस्था पालना नगरी खर्च गरेको रकम नियमसंगत हो भन्न सक्ने आधार नदेखिएको रु

भौचर नं र मिति	कायम उपशिर्षक	खर्च गरेको उपशिर्षक	खर्च रकम
२४५।२०८१।३।२४	धुपना कजवे पुल निर्माण	महाकाल मोटरबाटो उ स	४०००००
१०९२०८०।१०।२२	वडा कार्यालय तल्लो कटुवा मोटरबाटो	खानेपानी निर्माण कार्य	१०००००
१९।२०८१।१।१९	गैरिखेत माझगाउ सिढी नि उ स	शिवालय मा बि शिक्षकको तलब भुक्तानी	५०००००

अनियमित भएको	१०,००,०००

२३ **ठेक्का ब्यवस्थापन परीक्षण**

२३.१ **म्याद थप**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनु पर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ।कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरे पछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ।तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन।तसर्थ कार्यालयले संम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्का नं	**ठेक्काको विवरण**	**सम्झौता मिति**	**सम्झौता रकम**	**सम्पन्न गर्नुपर्ने मिति**	**हाल सम्मको भुक्तानी**	**म्याद थप अबधि**	**सुरु अबधिको म्याद थप प्रतिशत**
१। २०७७। ७८	दश सैया अस्पताल निर्माण	२०७८।५ ।१०	८२७३९२१९	१८ महिना	५४३२४३१५	२०८१।३।३	१००

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार हाल ठेक्का सम्झौता शुरु अवधिको १०० शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका १ ठेक्का रहेको छ। एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिए पनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

२३.२ **विल बिजको भुक्तानी**-सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३ को (ख) मा प्राबिधिक नाप जाच गरी नापी किताव (मेनेज्मेन्ट बुक) मा उल्लेख भए बमोजिम वास्तिक कार्य सम्पादनका आधारमा भुक्तानी दिनु पर्ने ब्यवस्था छ ।यस कार्यालयले दश शैया अस्पताल ककनीको निम्न रनिङ बिल भुक्तानी गर्दा अघिल्लो बिलको रकम कम अल्या गरेको देखिएकोले बढी भक्तानी भएको देखिन्छ। अत कार्यालयले अन्तिम बिल रकम भुक्तानी गर्दा बढी भक्तानी भएको रकम घटाई हिसाव मिलान गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू

गो. भौ.न र मिति	योजनाको नाम	निर्माण ब्यावसायीको नाम	पहिलो बिल	बिलमा हुनु पर्ने	भुक्तानी हुनु पर्ने	भएको	फरक	ipc
४।२०८०।८।७	दश शैया अस्पताल	राजेन्द्र निर्माण सेवा	२०७३२०६१	३२५४०५१	११८२१९९०	१२७२२४८२	९००४९२	4th
८।२०८१।२। २७		राजेन्द्र निर्माण सेवा	३२५५४०५१	४१६०४६२६	९०५०५७४	९५९८६९२	५४८११८	5th
१२।२०८१।३। ३०		राजेन्द्र निर्माण सेवा	४१६०४६२६	४४५५४२०२	२९४९५७६	३१५४२३७	२०४६६१	6th

प्रमाण पेश नगरेको	१६,५३,२११

२३.३

कार्य सम्पन्न प्रतिबेदन- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।

१ . खरिद सम्झौता संख्या,

२. सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,

३.निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति

४. सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति

माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । यस कार्यालयद्रारा आर्थिक बर्ष २०८०।८१ मा संचालित वा बिगत आ.वा.बाट सर्दै आएका योजना यस बर्ष सम्पन्न भएका आधारमा कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिन्छ । यसरी कार्यालयले आर्थिक बर्ष २०७९।८० मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राबिधिक कर्मचारीबाट जाच बुझ गराई कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको बिवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन । कार्य सम्पन्न प्रतिबेदन बेगर कार्यालयले स्वीकार गरेका योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन । अत कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको ब्यवस्था बमोजि सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्दछ ।

२३.४ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्प्रधी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २३.३६ देखि ४१.३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाले स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नु पर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण निम्न अनुसार छ ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	सानोचित्रे मानेखर्क सडक निर्माण	३।२०८०।८१	१४	१५५१८४४४	९१२१७६४	४१.३
२	भाटथानसिह चापा बाट पौवा खानेपानी	१०।२०८०।८१	८	७७५८४६१	४९७६६१२	३५.८५
३	रानीपौवा धन्सार फुङफुङ सडक	४।२०८०।८१	८	९६९८५१६	७०९४८४२	२६.८४
४	लामागाउ तिनघरे दलित वस्ती सडक कालोपत्रे	२।२०८०।८१	१०	१४९९७७९२	९९६९५८०	३३.५२
५	रानीपौवा फसर्सु डाडा मुझुवा सड	५।२०८०।८१	७	९६७९०८४	७४१७९०९	२३.३६

२३.५ **बढी भुक्तानी** -आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले निम्न निर्माण कार्य सम्पन्न गरे वापत रकम भुक्तानी गर्दा, दिनु पर्ने भन्दा वढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी हुन गएको रकम असुल गरी पालिका कोष दाखिला गर्नु पर्ने देखिएको रू

गो. भौ.न र मिति	योजनाको नाम	निर्माण ब्यावसायीको नाम	मुल्याङ्कन रकम	भुक्तानी रकम	बढी भुक्तानी
२२०।२०८१।३।३	रानी पौवाफुङफुङ झरना सडक	रेडियन्ट विल्ड्र्स नेपाल	६९५२८८४	७०११०२६	१५३३५
१८४।२०८१।२।२७	सानो चित्रे माने खर्क गैरिखर्क सडक	पाण्डे एण्ड रूपाखेती	८४८३७९६	८४८७५६७	४३७६८
१७४।२०८१।२।२०	कालीमारे माने खर्क सडक निर्माण	सिदिरपुर निर्माण सेवा	४७६२१२९	४८५१५४५	८९४०६

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२४,९३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,४८,५०९

२४ **प्रमाण पेश गर्नुपर्ने:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिहरुले सरकारी रकमको खर्च गर्दा खर्च गर्नुभन्दा अघि त्यस्तो रकम खर्च गर्न आवश्यक कागजात तथा रित पुगे नपुगेको सम्बन्धमा जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारको विशेष कार्यक्रम अन्तरगर्त सञ्चालन भएको तिनघरे खानेपानी सप्लायर्सको योजनाको निर्माण व्यबसायी शिलाकन्या देवी कन्स्ट्रक्सन प्रा.लि ले पेश गरेको बिमा र ल्याब रपोर्ट फोटोकपी रहेको र सोही विलको आधारमा भुक्तानी भएकोले सक्कल कागजात प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१७,६९४

२५ **वडाबाट कार्यक्रम रकमान्तर:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र तोकेको छ ।गो भौ.नं २५० कार्यालय व्यवस्थापन तथा हेरालु कार्यक्रम बाट २०८० मंसीर २१ गते वडा अध्यक्ष श्री पदम बहादुर श्रेष्ठ बलामी ज्यूको अध्यक्षतामाबसेको बैठकले निर्णय गरी वन हेरालु कार्यक्रम बाट राष्ट्रिय परिचय पत्रका लाखाजा तथा खानामा व्यबस्थापन गरेको भनी रु ६०००० वडा सचिव गीता श्रेष्ठ लाई भुक्तानी गरेको देखिन्छ ।यसरी वडा तहबाट कार्यक्रम रकमान्तर आफ्नो कार्यक्षेत्रअन्तर्गत नपर्ने हुँदाअनियमित देखिन्छ ।

अनियमित भएको	६०,०००

२६ **बाटो हेरालु:**

कार्यालयबाट ज्यालादारी कर्मचारी नियुक्त स्थानीय सरकार सञ्चालन ऐनले अधिका क्षेत्र र कार्यबोझका आधारमा कर्मचारी नियुक्ती गर्नुपर्नेमा निम्न भौचरहरुबाट बाटो हेरालु भनी वडा बाट खर्च गरेको देखिन्छ।यसरी वडा कार्यालयले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गइ निर्णय गरी ज्यालादारी कर्मचारी नियुक्त गरेको अनियमित देखिएको रू

क्र.स	भौचर नं	वडा नं	ज्यालदारी कर्मचारीको नाम	रकम
१	७९५	१ र ५	ज्ञान बहादुर लामा बुद्धि लामा	१०००००
२	७०६		कुन्साङ तामाङ कमला गुरुङ्प्रताप शाही	३२३९६३
३	८४५	५	ज्ञानु लामा	१५४८०

अनियमित भएको	४,३९,४४३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ककनी गाउँपालिका, नुवाकोट , ककनी गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खम्बराज राई	२०८०-५-११	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	गिता कुमारी शर्मा	२०७८-१२-१५	२०८०-५-११
लेखा प्रमुख	संगिता पौडेल	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०९०,५७२	३,२२०,८७८	३,७६३,२८५	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	८,०७४,७३५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	४८३,०६८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	७,५९१,६६७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४१७७८३२९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३२४५०८३३७.६८	**चालु खर्च**	४३९६२७६६०.६५
प्रदेश सरकारबाट अनुदान	५०४५९०१९.७४	**पूँजीगत खर्च**	१३४२८८९८०.८४
राजश्व बाँडफाँट	११५२१९२२४.४	**वित्तीय/अन्य व्यवस्था**	१४४७४७३३४.९७
आन्तरिक आय	९३३२७८७.९८		
अन्य आय	२२६९१४२१०.९१		
कुल आय	७२६४३३५८०.७१	**कुल खर्च**	७१८६६३९७६.४६
बाँकी मौज्दात		४९५४७९३३.२५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।